# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड६ )जनकपुरधाम,नेपाल,भाद्र६गते,२०७९साल (अतिरिक्ताङ्क९ (ख)


भाग १

## मधेश प्रदेश सरकार

## कानून,न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय

## प्रदेश संचार सम्बन्धी ऐन, २०७७ लाई संशोधन गर्न बनेका ऐन

## सम्वत् २०७९ सालको ऐन नं.६

<u>प्रस्तावनाः</u> प्रदेश संचार सम्बन्धी ऐन, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "प्रदेश संचार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. प्रदेश संचार सम्बन्धी ऐन, २०७७ ऐनको दफा ८ मा संशोधनः प्रदेश संचार सम्बन्धी ऐन, २०७७ (यसपछि "मूल ऐन" भनिएको) को दफा ८ को खण्ड (ङ) पछि देहायको खण्ड (च), (छ) र प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"(च) अध्यक्षको हकमा मन्त्रालयबाट माग भए बमोजिमको स्पष्टीकरणबाट सन्तोषजनक काम नभएको भनी प्रदेश सरकारबाट निर्णय भएमा,

(छ) सदस्यहरुको हकमा मन्त्रालयबाट माग भए बमोजिमको स्पष्टीकरणबाट सन्तोषजनक काम नभएको भनी मन्त्रीस्तरीय निर्णय भएमा।

तर खण्ड (च) र (छ) बमोजिम भएको निर्णय उपर चित नबुझेमा प्रचलित कानून बमोजिम उच्च अदालतमा सात दिनभित्र नालिस वा उजुर गर्न सक्नेछ ।"

३. मूल ऐनको दफा २९ मा संशोधनः मूल ऐनको दफा २९ पछि देहायको दफा २९क. थपिएको छः-

"२९क. अध्यक्ष तथा सदस्यको पद रिक्त हुनेः देहायको अवस्थामा अध्यक्ष तथा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) अध्यक्षको हकमा मन्त्री मार्फत प्रदेश सरकार समक्ष राजिनामा दिएमा र सदस्यको हकमा मन्त्री समक्ष राजिनामा दिएमा,

(ख) निजको पदावधि चार वर्ष पूरा भएमा,

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएमा,

(घ) निजको उमेर साठ्ठी वर्ष पूरा भएमा,

(ङ) निजको मृत्यु भएमा,

(च) अध्यक्षको हकमा मन्त्रालयबाट माग भए बमोजिमको स्पष्टीकरणबाट सन्तोषजनक काम नभएको भनी प्रदेश सरकारबाट निर्णय भएमा,

(छ) सदस्यहरुको हकमा मन्त्रालयबाट माग भए बमोजिमको स्पष्टीकरणबाट सन्तोषजनक काम नभएको भनी मन्त्रीस्तरीय निर्णय भएमा।

तर खण्ड (च) र (छ) बमोजिम भएको निर्णय उपर चित नबुझेमा प्रचलित कानून बमोजिम उच्च अदालतमा सात दिनभित्र नालिस वा उजुर गर्न सक्नेछ ।"

४. <u>मूल ऐनको दफा ५८ मा संशोधनः</u> मूल ऐनको दफा ५८ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको (घ) राखिएको छः-

"(घ) बोर्डका प्रशासकीय प्रमुख -सदस्य सचिव"

५. <u>मूल ऐनको दफा ५८ मा संशोधनः</u> मूल ऐनको दफा ५८ पछि देहायको दफा ५८क., ५८ख. र ५८ग. थपिएका छन्ः-

"५८क. <u>बोर्डको कोषः</u> (१) बोर्डको एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको बोर्डको कोषमा देहाय बमोजिमको रकम हुनेछः-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) अन्य निकायबाट प्राप्त रकम।

(३) बोर्डको लेखा र अन्तिम लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

(४) कोषको सञ्चालन बोर्डको प्रशासकीय प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

५८ख.<u>बोर्डको प्रशासकीय प्रमुखः</u> (१) सरकारले बोर्डको प्रशासकीय प्रमुखको रुपमा निजामती सेवाको कम्तीमा उपसचिवस्तरको कर्मचारीलाई खटाउनेछ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय प्रमुखको पद रिक्त रहेको अवस्थामा बोर्डले आफ्ना कर्मचारीहरुमध्येबाट जेष्ट कर्मचारीलाई निमित्त प्रशासकीय प्रमुखको कामकाज गर्न तोक्न सक्नेछ।

(३) प्रशासकीय प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बोर्डको दैनिक प्रशासनिक कार्य गर्ने,

(ख) अध्यक्षको निर्देशन बमोजिम बोर्डको बैठकको कार्यसूची तयार गर्ने,

(ग) बोर्डको बैंठकको निर्णयहरु कार्यान्वयन गर्ने,

(घ) बोर्डको बजेट खर्च गर्ने खर्चको लेखा राख्ने र लेखा परीक्षण गराउने,

(ङ) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

५८ग. <u>अध्यक्ष तथा सदस्यको पद रिक्त हुने:</u> देहायको अवस्थामा अध्यक्ष तथा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) अध्यक्षको हकमा मन्त्री मार्फत प्रदेश सरकार समक्ष राजिनामा दिएमा र सदस्यको हकमा मन्त्री समक्ष राजिनामा दिएमा,

(ख) निजको पदावधि चार वर्ष पूरा भएमा,

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएमा,

(घ) निजको उमेर साठ्ठी वर्ष पूरा भएमा,

(ङ) निजको मृत्यु भएमा,

(च) अध्यक्षको हकमा मन्त्रालयबाट माग भए बमोजिमको स्पष्टीकरणबाट सन्तोषजनक काम नभएको भनी प्रदेश सरकारबाट निर्णय भएमा,

(छ) सदस्यहरुको हकमा मन्त्रालयबाट माग भए बमोजिमको स्पष्टीकरणबाट सन्तोषजनक काम नभएको भनी मन्त्रीस्तरीय निर्णय भएमा।

तर खण्ड (च) र (छ) बमोजिम भएको निर्णय उपर चित नबुझेमा प्रचलित कानून बमोजिम उच्च अदालतमा सात दिनभित्र नालिस वा उजुर गर्न सक्नेछ ।"

प्रमाणीकरण मितिः२०७९।०५।०६

आज्ञाले,
उत्तम प्रसाद खरेल
निमित्त प्रदेश सचिव
कानून,न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय